श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

निर्णय नं.३२६

पुनरावेदन नं.०७८-RB-०१२०

मुद्दा : भन्सार महसूल निर्धारण ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका हाल तिनकुने स्थित एस.वाई.प्यानल नेपाल प्रा.लि. (स्थाई लेखा नं. ६०५९३०६०७०) का तर्फबाट ऐ.का अख्तियारप्राप्त क्रेडिट म्यानेजर महेश्वर कर्माचार्य..........१ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय, त्रिपुरेश्वर काठमाडौं..........१ } प्रत्यर्थी
ऐ. कार्यालयका प्रमुख भन्सार परीक्षक..........१

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- भन्सार जाँचपास परीक्षण कार्यालय, त्रिपुरेश्वर

शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख भन्सार परीक्षण प्रशासक श्री अच्युतप्रसाद शिवाकोटी

शुरु कार्यालयको निर्णय मितिः–२०७८।०५।२१

**उपस्थित कानून व्यवसायीहरुः-**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री परशुराम कोईराला

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उप न्यायाधिवक्ता श्री दिपक भण्डारी

भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपरेश्वर काठमाडौंका प्रमुख भन्सार परीक्षण प्रशासकबाट मिति २०७८।०५।२१ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपरेश्वर काठमाडौंको कार्याक्षेत्र अन्तर्गतका पैठारीकर्ता श्री एस.वाई.प्यानल नेपाल प्रा.लि.ले सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट सन् २०१८।११।३० मा प्रज्ञापनपत्र नं. २०६८० बाट पैठारी गरेका मालवस्तुहरुको भन्सार जाचँपास पछिको परीक्षण गर्न छनौट भएको हुँदा उक्त पैठारीसँग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न भनी उक्त कार्यालयबाट च.न.३३१ मिति २०७६।०९।१६ को पत्रमार्फत पत्राचार गरिएको ।

२. २०६८० नं. को प्रज्ञापनपत्रबाट पैठारी भएका मालवस्तुहरुको लागि भन्सार जाँचपास परीक्षण कार्यालयबाट भन्सार जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापनपत्र साथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा पैठारीकर्ताले पैठारी गरेको मालवस्तु Slit steel Coil नभई PPGI-Pre Painted Galvanized steel भएकोले निजले पैठारी गरेको मालबस्तुले भन्सार महसुलमा छुट सुविधा पाउने नदेखिएकोले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम थप महसुल निर्धारण गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र सो को जवाफ पेश गर्न भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपरेश्वर काठमाडौंबाट मिति २०७८।०४।३१ मा पैठारीकर्तालाई म्याद सूचना दिईएको ।

३. पैठारीकर्ता एस.वाई.प्यानल नेपाल प्रा.लि.लाई भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपरेश्वरबाट मिति २०७८।०४।३१ दिईएको सूचना पैठारीकर्ताले सोही दिन मिति २०७८।०४।३१ मा बुझेका रहेछन्।

४. पैठारीकर्ताको तर्फबाट कार्यालयबाट निर्धारण भए बमोजिमको महसुलको सम्बन्धमा कुनै ठोस प्रमाण पेश नगरी पहिले नै पेश गरिएका कागजातहरुको बारेमा मात्र स्पष्ट गरी थप महसुल तथा जरिवाना तिर्नु नपर्ने भन्ने व्यहोरा समेत खुलाई मिति २०७८।०५।१३ मा पत्र मार्फत जानकारी गराएको ।

५. पैठारीकर्ता श्री एस.वाई.प्यानल नेपाल प्रा.लि. ले पैठारी गरेको मालवस्तु आर्थिक ऐनले महसुल सुविधा दिएको स्लिट क्वायल नभई PPGI-Pre Painted Galvanized Steel भएको तथ्य प्रज्ञापनपत्र तथा बीजक (Invoice) बाट स्पष्ट भएको, त्यसैगरी पैठारीकर्ताले दिएको सफाई पत्रमा नै आफूले पुर्वनिर्मित भवन निर्माण गर्ने होइन र स्याण्डवीच प्यानल निर्माण गर्ने भनी स्वीकार गरेको कारण आर्थिक ऐनले महसुल छुट सुविधा प्राप्त गर्नका लागि उल्लेख गरेका तीनवटा शर्तहरु मध्ये दुईवटा शर्त पूरा नगरी गरिएका पैठारीमा उक्त सुविधा पाउने देखिदैन र भन्सार महसुल दर बमोजिम नै भन्सार महसुल बुझाउनु पर्ने हुँदा पैठारीकर्ताले पैठारी गरी ल्याएको मालवस्तु अर्थात Prepainted Galvanized Steel भन्सार महसुल दरवन्दी (आ.व.२०७५/७६) को शिर्षक ७२.१० अन्तर्गतको उपशीर्षक ७२१०.७०.०० मा पर्ने र सो उपशीर्षकमा ३०% भन्सार महसुल दर

भएको हुँदा प्रस्तुत विषयका सन्दर्भमा ३०% भन्सार महसुल लाग्ने हुँदा उक्त मालवस्तुलाई सोही अनुसार वर्गीकरण गरी भन्सार मूल्य रु ६८,९१,१९२।— को भन्सार महसुल दर ३०% ले हुन आउने भन्सार महसुल रु २०,६७,३५८।— दाखिला गर्नुपर्नेमा रु ६,८९,१२०।- मात्र दाखिला गरेकोले घटी नपुग भन्सार महसुल रु. १३,७८,२३८।— दाखिला गर्नुपर्ने तथा पैठारीकर्ताले परीक्षणको क्रममा पेश गरेको कागजात समेतबाट पैठारीकर्ताले थप बुझाउनुपर्ने भन्सार महसुल समेत मूल्य अभिवृद्धि कर प्रयोजनको लागि कायम हुने भएकोले सो रकम रु. १३,७८,२३८।- मा १३% का दरले प्रचलित कानून बमोजिम मूल्य अभिवृद्धि कर रु. १,७९,१७१।- छुट भएकोले सो रकम समेत गरी जम्मा रु. १५,५७,४०९।- र भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम लाग्ने शतप्रतिशत जरिवाना रु. १५,५७,४०९।- गरी कूल रु.३१,१४,८१८।- दाखिला गर्नुपर्ने गरी भन्सार ऐन, २०६४ को दफा ३४ बमोजिम महसुल निर्धारण आदेश जारी गर्ने गरी भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर, काठमाडौंका प्रमुख भन्सार परीक्षण प्रशासकबाट मिति २०७८।०५।२१।२ मा भएको निर्णय।

६. भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) भन्सार जाँचपास पछिको परीक्षणसँग सम्बन्धित रहेको र उक्त कानूनी व्यवस्थामा पैठारीकर्ताले पैठारी गर्दा घोषणा गरेको भन्दा भिन्न मालवस्तु पाईएमा, निजले घोषणा गरे अनुरुपको नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिणाम घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा मात्र समग्र जाँचपास पछि परीक्षण गर्न सकिनेमा सो को विपरित भन्सार छुट सुविधा पाउने हो वा होईन भन्ने विषयलाई भन्सार जाँचपासपछिको परीक्षण भनी भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर, काठमाडौंबाट भएको काम कारवाही तथा जारी भएको निर्णय पर्चा प्रथम दृष्टिमा नै अधिकार क्षेत्रविहिन भई बदरभागी छ। प्रत्यर्थी कार्यालयबाट कारवाही स्वरुप मिति मिति २०७८।४।३१ मा पत्र पठाउँदा आर्थिक ऐन, २०७३ सम्बन्धी प्रश्न उठाएको तर मिति २०७८।०५।२१ को निर्णय पर्चाले आफूखुसी आर्थिक ऐन, २०७५ लागू हुने भन्ने निर्णय गरेको छ। साथै स्वयं प्रत्यर्थीले आफ्नो निर्णय पर्चामा उल्लेख गरेको आर्थिक ऐन, २०७५ को भन्सार महसुल अनुसूची-१ को दफा १४ (३) को खण्ड (द) ले समेत १० प्रतिशत मात्र भन्सार महसुल लाग्ने भनी स्वीकार गरेको छ। त्यसै गरी आर्थिक ऐन, २०७३ वा ऐ.ऐन, २०७५ समेतले छुट प्रदान गर्दा slit लाई Steel Coil भनी नामाकरण गरेको भएतापनि मालवस्तु वर्गिकरण H.S Code को उपशीर्षक ७२.१० वा ७२.१२ मा कहिकतै पनि Slit steel Coil भनी छुट्याईएको वा परिभाषित गरेको अवस्था नै छैन। यसर्थ Slit Steel Coil र Pre Printed Galvanized Steel एकै प्रकृतिको गुण र विशेषता भएको बस्तु हो, कसैले SSC उल्लेख गर्दछन् भने कसैले PPGI उल्लेख गर्दछन, यसलाई पफ स्याण्डवीच रुफिङ प्यानल र स्याणडवीच वाल र पार्टिसन प्यानलको निर्माण गर्नमा प्रयोग हुने हुँदा आर्थिक ऐन, २०७३ को भन्सारतर्फको अनुसूची-१ को दफा १४(३) को खण्ड (र) तथा ऐ.दफा १४(३) को खण्ड (भ) ले शीर्षक ७२१० वा ७२१२ अन्तर्गतका सवै उपशीर्षकहरुमा पर्ने Slit Steel Coil मा १० प्रतिशत मात्र भन्सार महसुल लाग्ने

व्यवस्था भएकोमा पुनरावेदकले सोही उपशीर्षक ७२१०.७०.०० बाट मालबस्तु छुटाएको र भन्सार उपशीर्षक सही रहेको भनी स्वयंमा मिति २०७८।४।३१ को पत्रबाट अन्तिम रुपमा प्रत्यर्थीबाट स्वीकार समेत भएकोमा पुन उपशीर्षकमा नै प्रश्न चिन्ह खडा गरी Slit Steel Coil र PPGI Pre Printed Galvanized Steel बेग्लै हो भन्ने मनोमानित अर्थ लगाई गरेको निर्णय बदरभागी रहेको छ। त्यसैगरी आर्थिक ऐन, २०७३ र २०७५ समेतमा Slit Steel Coil भन्ने शब्दको प्रयुक्त भई सो को परिभाषा कहि कतै उल्लेख नभएको र स्वयंमा Pre Fabricated house निर्माण गर्ने एकल उद्देश्यले मात्र उक्त ऐनले भन्सार महसुल छुट दिएको विधिशास्त्रीय पृष्ठभूमिमा Slit Steel Coil र PPGI Pre Printed Galvanized Steel को काम र उद्देश्य दुवैको उपादेयता एउटै भई एउटै प्रकृति र विशेषता बोकेको तर केवल नाम मात्र फरक रहेको वस्तुलाई बेग्लै हो भनी उक्त वस्तुमा थप भन्सार महसुल, मू.अ.कर र शतप्रतिशत जरिवाना गर्ने निर्णय आफैमा आत्मनिष्ठ रहेकोले भन्सार जाँचपास परीक्षण कार्यालयको मिति २०७८।५।२१ को पत्र र सोही मितिको निर्णयबदर गरी पैठारीकर्ताले प्र.द.नं. २०६८० मिति (सन् ) २०१८.११.३० बाट पैठारी गरेको मालबस्तुका हकमा तिरे बुझाएको भन्सार महसुल दाखिला रकम रु. ६,८९,१२०।- लाई स्वीकार गर्ने गरी सदर कायम गराई पाउँ भन्ने समेत व्यहोराको पैठारीकर्ता श्री एस.वाई.प्यानल प्रा.ली.ले यस न्यायाधिकरणमा दर्ता गराएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयको काठमाडौंलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०२/२७ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाता श्री एस.वाई.प्यानल नेपाल प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री परशुराम कोईरालाले पैठारीकर्ताले कानून बमोजिम भन्सार उपशीर्षक नं. ७२१०.७०.०० बाट PPGI Pre Printed Galvanized Steel हरु आयात गरी सो आयात भएका सामानको प्रयोग गरी Pre Fabricated घरहरुको निर्माणका लागि प्यानल बनाई विक्री वितरण गर्दै आईरहेकोमा भन्सार जाँचपास हुँदा यस सम्बन्धमा कुनै पनि कैफियत नउठाई हाल आएर भन्सार जाँचपासको सिलसिलामा भनी थप भन्सार दस्तुर लगाई शत प्रतिशत जरिवाना समेत गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको निर्णय कानूनसम्मत नभएको हुँदा सो निर्णय बदर गरी पाउँ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले पैठारीकर्ताले पैठारी गरी ल्याएको मालवस्तुमा आर्थिक ऐन, २०७५ ले दिएको छुट सुविधा प्राप्त गर्न पैठारी गरिएको मालवस्तु Slit Steel Coil हुनुपर्ने, पैठारीकर्ता पूर्व निर्माण भवन निर्माण गर्ने गरी दर्ता भएको हुनुपर्ने र पैठारी गरिने मालवस्तु भन्सार दरबन्दी ७२.१० र ७२.१२ अन्तर्गत भई ३ वटा शर्तहरु पुरा गर्नुपर्नेमा पैठारीकर्ताले पैठारी गरेको मालवस्तु Slit Steel Coil नभई PPGI Pre Printed Galvanized Steel

भएको तथ्य प्रज्ञापन पत्र तथा बीजकबाट देखिएको साथै पैठारीकर्ताले जवाफी पत्रमा आफले पूर्व निर्मित भवन निर्माण गर्ने नभई स्याण्डवीच प्यानल निर्माण गर्ने भनी स्वीकार समेत गरेको देखिँदा आर्थिक ऐन, २०७५ ले तोकेको मापदण्ड भित्र नरहेको कारणबाट पैठारी गरिएको मालवस्तुमा छुट सुविधा नदिने गरी भन्सार जाँचपास परीक्षण कार्यालयबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनि गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदकबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौंबाट पुनरावेदकले पैठारी गरी ल्याएको मालवस्तुमा थप भन्सार महसुल निर्धारण हुने गरी भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णयतर्फ विचार गर्दा, पैठारीकर्ता श्री एस.वाई.प्यानल नेपाल प्रा.लि.ले सुख्खा बन्दरगाह कार्यालयको प्र.द.नं. २०६८० मिति २०७५।०८।१४ बाट पैठारी गरेको भन्सार मूल्य रु. ६८,९१,१९२।- को मालवस्तु PPGI Pre Printed Galvanized Steel लाई वस्तु वर्गीकरण उपशीर्षक ७२१०.७०.०० बाट बर्गीकरण गरी १०% को दरले जम्मा भन्सार महसुल रु. ६,८९,१२०।- दाखिला गरेकोमा उक्त पैठारी गरिएको मालवस्तुमा भन्सार महसुल ३०% लाग्ने हुँदा सो बमोजिम हुन आउने रु.२०,६७,३५८।- रहेको तर पैठारीकर्ताले रु.१३,७८,२३८।- घटि भन्सार महसुल दाखिला गरेको कारण उक्त छुट भएको रकम रु.१३,७८,२३८।- र मू.अ.कर रकम रु. १,७९,१७१।- गरी रु.१५,५७,४०९।- भएकोले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम लाग्ने शतप्रतिशत जरिवाना समेत गरी रु.३१,१४,८१८।- दाखिला गर्नुपर्ने गरी भन्सार जाँचपास परीक्षण कार्यालय, त्रिपुरेश्वरबाट निर्णय भएको देखिन्छ।

१२. पुनरावेदक पैठारीकर्ताले पैठारी गरी ल्याएको मालवस्तुका सम्बन्धमा कैफियत देखिएको हुँदा उक्त कैफियतका सम्बन्धमा विद्यमान आर्थिक ऐन तथा भन्सार ऐन, २०६४ बमोजिम महसुल तथा जरिवाना निर्धारण गर्नुपर्ने भएको हुँदा सो थप महसुल तथा जरिवाना निर्धारण गर्न नपर्ने कुनै ठोस आधार, प्रमाण वा कारण भए सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र भन्सार जाँचपास परीक्षण कार्यालय वा परीक्षण टोली समक्ष पेश गर्ने भन्ने व्यहोरा सहितको पत्र पैठारीकर्तालाई मिति २०७८।४।३१ मा च.नं.३४ मार्फत पठाएको देखिन्छ। उक्त पत्रको तपसिल खण्डमा भन्सार महसुलतर्फ थप महसुल निर्धारण गर्नुपर्ने रकम र कारणमा पैठारीकर्ताले सुख्खा भन्सार कार्यालको प्र.द.नं. २०६८० मिति २०७५।८।१४ बाट पैठारी गरेको भन्सार मूल्य रु. ६८,९१,१९२।- को मालवस्तु PPGI-Pre Printed Galvanized Steel लाई वस्तु वर्गिकरण उपशीर्षक ७२१०.७०.०० बाट बर्गीकरण गरी १०% को दरले जम्मा महसुल रु. ६८,९१,१९२।- दाखिला गरेकोमा पैठारीकर्ताले भन्सार उपशीर्षकको सही प्रयोग गरेको भए पनि आर्थिक ऐन, २०७३ को भन्सार महसुल अनुसूची-१ को दफा १४ को उपदफा (३) को खण्ड (भ) बमोजिम Slit Steel Coil पैठारी भएमा मात्र १०% मात्र लाग्ने भन्सार महसुल लाग्ने गरी छुट प्रदान गरेको हुँदा पैठारीकर्ताले आयात गरेको मालवस्तुमा उक्त सुविधा नहुने हुँदा

उक्त मालवस्तुलाई सोही अनुसार वर्गिकरण गरी मूल्य रु.६८,९१,१९२।- को भन्सार महसुल दर ३०% को दरले हुन आउने भन्सार महसुल रु. २०,६७,३५८।- दाखिला गर्नुपर्ने कारण उक्त रकममा अपुग हुने रु. १३,७८,२३८।- दाखिला गरी सो रकममा कर प्रयोजनका लागि १३% मूल्य अभिवृद्धि कर रु. १,७९,१७१।- समेत छुट महसुल जम्मा रु. १५,५७,४०९।- हुने र सो रकममा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम लाग्ने शतप्रतिशत जरिवाना सहित कूल ३१,१४,८१८।- दाखिला गराउनुपर्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

१३. भन्सार ऐन, २०६४ को दफा ३४(२) मा 'उपदफा (१) बमोजिम परीक्षण गर्दा निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गरेका मालवस्तु निजले घोषणा गरेको भन्दा भिन्न मालवस्तु पाईएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार परीक्षकले त्यस्तो महसुल असुल गर्न सक्ने' कानूनी व्यवस्था रहेको देखिन्छ। प्रत्यर्थी भन्सार जाँचपास परीक्षण कार्यालयबाट मिति २०७८।०४।३१ को च.नं.३४ बाट पैठारीकर्तालाई सबुद प्रमाण पेश गर्न भनी दिईएको पत्रमा थप महसुल निर्धारण गर्नुपर्ने एक मात्र कारणमा पैठारी गरेको मालवस्तु Slit Steel Coil नभई PPGI-Pre Printed Galvanized Steel भएकोले आर्थिक ऐन, २०७३ को छुट सुविधा नपाउने भन्ने उल्लेख भएको देखिन्छ। तथापी प्रत्यर्थी कार्यालयबाट मिति २०७८।५।२१ मा भएको निर्णयमा आर्थिक ऐन, २०७५ ले दिएको छुट सुविधा प्राप्त गर्नको लागि तीन वटा शर्त (क) पैठारी हुने मालवस्तु स्लिट स्टील क्वायल हुनुपर्ने, (ख) पैठारीकर्ता पूर्व निर्मित भवन निर्माण गर्ने गरी दर्ता भएको हुनुपर्ने र (ग) उक्त मालवस्तु भन्सार दरवन्दीको शिर्षक ७२.१० वा ७२.१२ अन्तर्गत हुनुपर्नेमा पैठारीकर्ताले गरेको पैठारीमा तीनवटा शर्त मध्ये दुईवटा शर्त पूरा नभएको भन्ने आधार लिएको देखियो। साथै आर्थिक ऐन, २०७५ को दफा २ मा रहेको भन्सार महसुल शीर्षकको उपदफा (१) मा विदेशबाट नेपालभित्र पैठारी हुने मालवस्तुमा अनुसूची-१ बमोजिम भन्सार महसुल लागाईने र असुल उपर गरिनेछ भन्ने व्यवस्था उल्लेख भएको पाईन्छ। सोही ऐनको अनुसूची-१ को दफा १४ को उपदफा (३) को खण्ड (द) मा पूर्व निर्मित भवन (प्रिफेब्रिकेटेड विल्डिङ) निर्माण गर्ने गरी दर्ता भएका उद्योगहरुले त्यस्ता भवन निर्माण गर्नको लागि पैठारी गर्ने शीर्षक ७२.१० वा ७२.१२ अन्तर्गतका सवै उपशीर्षकहरुमा पर्ने स्लिट स्टिल क्वाईलमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ भन्ने व्यवस्था रहेको देखिन आउँछ।

१४. यसरी प्रत्यर्थी कार्यालयबाट पुनरावेदक पैठारीकर्ताले प्र.द.नं.२०६८० बाट पैठारी गरेको मालवस्तुको भन्सार ऐन, २०६४ को दफा ३४(२) बमोजिम थप महसुल निर्धारण गर्दा लिइएका आधार सोही उपदफामा उल्लेख गरिए भन्दा पृथक आधार ग्रहण गर्नुको साथै पैठारीकर्तालाई सुनुवाईको हक अन्तर्गत ठोस् प्रमाण पेश गर्न भनी मिति २०७८।४।३१ को च.नं.३४ को पत्रमा लेखिएको ऐन तथा आधार र मिति २०७८।५।२१ को निर्णयमा ग्रहण

गरिएको ऐनको दफा एवं आधारबीच समेत एकरुपता नदेखिँदा यस अवस्थामा भएको निर्णयलाई कानून सम्मत निर्णय मान्न नमिल्ने हुँदा शुरु निर्णय बदर गरी अव जे जो बुझ्नुपर्छ बुझी कानून बमोजिमको उचित प्रक्रिया पुरा गरी पुनःमहसुल निर्धारण गर्नुपर्ने भन्सार ऐन, २०६४ को दफा ३४(२) बमोजिमको आधार यकिन गरी पैठारीकर्तालाई ठोस् सबुद प्रमाण पेश गर्ने मौका समेत दिई पुनःनिर्णय गर्नु भनी मिसिल शुरु कार्यालयमा पठाउनु पर्ने देखिन आयो।

१५.तसर्थ माथि विवेचित गरिएका आधार र कारणबाट भंसार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाडौंका प्रमुख भन्सार परीक्षण प्रशासकले गरेको मिति २०७८।५।२१ मा गरेको निर्णय पर्चामा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिमका आधार र कारण खुलाउन नसक्नुको साथै पुनरावेदकलाई मिति २०७८।४।३१ मा सबुद प्रमाण पेश गर्ने सम्बन्धी च.नं.३४ मा खुलाइएका थप महसुल निर्धारण गर्नुपर्ने कारण र मिति २०७८।५।२१ को निर्णयमा आधार लिएका कारण फरक फरक भई सुनुवाईको मौका दिँदा सोधिएका प्रश्न र थप महसुल निर्धारण गर्ने निर्णय गर्दा लिएका आधारबीच तादाम्यता रहेको नदेखिँदा मिति २०७८।५।२१ को भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाडौंका प्रमुख भन्सार परीक्षण प्रशासकबाट भएको निर्णय बदर गरिदिएको छ। अव जे जो बुझ्नुपर्छ बुझी पैठारीकर्तालाई पुनः महसूल निर्धारण गर्नुपर्नाको आधार र कारण सहितको सफाईको सबुद प्रमाण पेश गर्ने मौका दिई भन्सार ऐन, २०६४ को दफा ३४(२) बमोजिम पुनःकारवाही र निर्णय गर्नु भनी तारेखमा रहेका पुनरावेदकलाई भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वरको तारेख तोकी मिसिल समेत पठाईदिने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

## <u>तपसिल</u>

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाडौंका प्रमुख भन्सार परीक्षण प्रशासकबाट मिति २०७८।५।२१ मा भएको निर्णय बदर भई जे जो बुझ्नुपर्छ बुझी पैठारीकर्तालाई पुनः महसूल निर्धारण गर्नुपर्नाको आधार र कारण सहितको सफाईको सबुद प्रमाण पेश गर्ने मौका दिई भन्सार ऐन, २०६४ को दफा ३४(२) बमोजिम पुनःकारवाही र निर्णय गर्नु भन्ने ठहरी फैसला भएको हुँदा फैसलामा उल्लेख भए बमोजिमको काम कारवाही गर्नु भनी पैठारीकर्तालाई भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वरको तारेख तोकी उक्त कार्यालयमा लेखी पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाडौंका पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

**गोविन्दप्रसाद अधिकारी**
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्पप्रसाद गुरागाई
(लेखा सदस्य)

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुने:-</u>
शाखा अधिकृतः श्री प्रमोद रिजाल
ईति सम्वत् २०७९ साल असार २३ गते रोज ५ शुभम् ---------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने माननीय अध्यक्षः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप